## बराहक्षेत्र नगरपालिकाको सार्वजनिक विदा घोषणा सम्बन्धी कार्यविधि, २०७६

बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट राष्ट्रिय वा स्थानीय महत्वका दिवस, बिषय, घट्ना वा कुनै अवसरमा घोषणा हुने सार्वजनिक विदा दिने विधि र प्रक्रियालाई नियमित तथा व्यवस्थित बनाउँदै सुशासनलाई टेवा दिन वाञ्छनीय भएकोले बराहक्षेत्र नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिमको अधिकार प्रयोग गरी बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको मिति २०७६।१०।२३ को बैठकबाट यो कार्यविधि स्वीकृत गरिएको छ ।

**१. संक्षिप्त नाम तथा प्रारम्भ :** (१) यस कार्यविधिको नाम "बराहक्षेत्र नगरपालिकाको सार्वजनिक विदा घोषणा सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "नगरपालिका" भन्नाले बराहक्षेत्र नगरपालिका भन्ने सम्झनु पर्दछ ।

(ख) "प्रदेश सरकार" भन्नाले प्रदेश सरकार, प्रदेश नं. १ सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले बराहक्षेत्र नगरपालिकाको नगर प्रमुख भन्ने सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले बराहक्षेत्र नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत भन्ने सम्झनु पर्दछ ।

**३. सार्वजनिक विदा घोषणा गर्न सकिने :** (१) स्थानीय सरकारको संवैधानिक तथा कानूनी हैसियतमा कार्यालयले राष्ट्रिय वा स्थानीय महत्वको कुनै दिवस, चाडपर्व, जात्रा, घट्ना, शोक, बिषय वा अवसरमा नगरपालिका क्षेत्र भित्र वा नगरपालिकाको कुनै खास क्षेत्र वा कुनै वडामा मात्र लागु हुने गरी दिन तोकी सार्वजनिक विदा दिने घोषणा गर्न सकिनेछ ।

(२) यस्तो विदा दिने निर्णय नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत मार्फत नगर प्रमुखले गर्नेछ ।

**४. सार्वजनिक बिदाको कार्यान्वयन :** (१) यस कार्यविधि बमोजिम कार्यालयले सार्वजनिक बिदा दिने भनी तोकेको दिन कार्यालय, मातहतका वडा कार्यालयहरु, बिषयगत शाखा वा कार्यालयहरुका साथै नगरपालिका क्षेत्रभित्रका सामूदायिक तथा संस्थागत बिद्यालयहरुमा बिदा रहनेछ ।

(२) कार्यालयले कार्यविधि बमोजिम घोषणा गरेको सार्वजनिक बिदा सम्बन्धित कार्यालय वा संस्थाले कार्यान्वयन गर्नु पर्नेछ ।

**५. सार्वजनिक बिदा सम्बन्धी अन्य व्यवस्था :** (१) नेपाल सरकार वा प्रदेश सरकारले सार्वजनिक बिदा दिने भनी निर्णय गरेको दिन यस कार्यविधि बमोजिम नगरपालिका क्षेत्रभित्र सार्वजनिक बिदा रहनेछ ।

(२) यस नगरपालिको हालको वा पूर्व पदाधिकारी, कर्मचारी वा नगरपालिकामा बसोबास भएको कुनै लब्ध प्रतिष्ठित वा सामाजिक व्यक्तित्वको निधन भएमा वा आकस्मिक दुर्घटनामा परी नगरबासीहरुको दुःखद निधन हुन गएमा कार्यालयले शोक मनाउन दिन तोकी शोक बिदा घोषणा गर्न सक्नेछ ।

**६. बचाउ :** यो कार्यविधि लागू हुनु पूर्व कार्यालयले सार्वजनिक बिदा दिने सम्बन्धमा गरेको निर्णय वा घोषणा यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**प्रमाणिकरण गर्नेको :**

**दस्तखत :**

**नाम थर :** मनु कुमार लिम्बु सुब्बा

**दर्जा :** नि.प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठ संख्या :** २

**मिति :** २०७६।१०।२४

**कार्यालयको छाप :**

नगर कार्यपालिकाको कार्यालय
बराहक्षेत्र नगरपालिका
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल